Regd. No.: 67/050/51 CDO, 1399/050/51 SWC

# राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल

## NATIONAL FEDERATION OF THE DISABLED-NEPAL (NFDN)

1993

Member: Disabled Peoples' International (DPI); Asia Pacific Disability Forum (APDF)

(Towards Inclusive, Barrier Free and Right Based Society for the Persons with Disabilities)

Ref.: ३३६/२०७५/७६

मितिः २०७६ जेष्ठ २० गते

श्री अध्यक्ष ज्यू
लोकसेवा आयोग अनामनगर
काठमाण्डौ ।

**बिषय : लोकसेवा आयोगको विज्ञापनमा अपाङ्गता समावेशीकरण सम्बन्धमा ध्यानाकर्षण पत्र ।**

नेपालको संविधान २०७२ ले महिला, आदिवासी जनजाती, दलित, अपाङ्गता भएका व्यक्ति, मधेसी, मुस्लिम, थारु, पिछडिएको क्षेत्र लगायत बिविधताको सम्मान गर्ने समावेशी चरित्रको रहेको छ । अपाङ्गता भएका व्यक्तिको हक अधिकारका लागि संविधानले समाबेशी सिद्धान्तलाइ आत्मसाथ गरेको छ । नेपालको संविधान २०७३ को दफा (४२) मा सामाजिक न्याय सम्बन्धी हकमा सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, **अपांगता भएका व्यक्ति,** सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ भन्ने ब्यवस्था रहेको छ । नेपालमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धीको पक्षराष्ट्र रहेको छ । उक्त महासन्धीको दफा २७ को १ मा अपाङ्गता भएका व्यक्तिको भर्ना छनौट र रोजगारीका सर्तहरु रोजगारीको निरन्तरता र बृत्तिविकास सुरक्षित एवं स्वस्थ कार्य अवस्था लगायत सबै प्रकारका रोजगारीसँग सम्बन्धित अपाङ्गताको आधारमा हुने भेदभावलाई निषेध गर्ने र दफा ६ को सामाजिक क्षेत्रमा अपाङ्गता भएका ब्यक्तिलाई रोजगारी प्रदान गर्ने ब्यवस्था रहेको छ ।

यसै गरी निजामती सेवा ऐनले अपाङ्गता भएका व्यक्तिलाई ५ प्रतिशत आरक्षणको ब्यवस्था गरेको छ । तर लोकसेवा आयोगको मिति २०७६ जेष्ठ १५ गतेको सुचना अनुसार ९१३१ मा ३ जना मात्र अपाङ्गता भएका व्यक्तिलाई आरक्षण गरि संविधान, महासन्धी र ऐनको उपहास गरेको छ । त्यसैले उक्त बिज्ञापनमा उल्लेखित संख्या ९१३१ लाई १०० प्रतिशत मानी अपाङ्गता भएका ब्यक्तिले हालसम्म प्राप्त गरिरहेको ५ प्रतिशत आरक्षण कायम राखी सच्याएर दरखास्त आब्हान गर्नु हुन अनुरोध सहित यो ध्यानकर्षण पत्र बुझाएकाछौ । अपाङ्गता भएका व्यक्तिको संविधान प्रदत्त अधिकारलाइ स्थापित गर्न लोकसेवा आयोगले २०७६ जेठ १५ गते आह्वान गरेको विज्ञापनलाई पुनविचार गरि निजामती सेवा ऐनले अपाङ्गता भएका व्यक्तिलाई ५ प्रतिशत आरक्षणको ब्यवस्थाको सम्मान गर्नेछ भन्ने विश्वास लिएका छौ ।

यस बिषयमा लोक सेवा आयोगले पुनर्विचार गरि बिज्ञापन नसच्याएको खण्डमा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल थप  चरणबद्ध कडा  आन्दोलनको घोषणा गर्न बाध्य हुने जानकारी गराउँदछौ ।

(रमेश लामा)
वरिष्ठ उपाध्यक्ष
सम्पर्क फोन ९८५१०९९१२४